# शुभकालिका गाँउपालिकाको दशौं गाँउसभामा

प्रस्तुत

आ.व.२०८०/०८१ को

# नीति, कार्यक्रम तथा वजेट

आ.व. २०८०/०८१

शुभकालिका गाँउपालिका

सुकाटिया, कालिकोट

मिति :- २०८०/०३/१०

# आर्थिक बर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट

"स्वास्थ्य, शिक्षा, उत्पादन र आपुर्ती
रोजगारी, जिविका, पूर्वाधार र समृद्धि"

**गाँउ सभाका अध्यक्ष एवं गाँउपालिकाका अध्यक्ष ज्यू,**
**वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्युहरु लगायत गाँउसभाका सम्पुर्ण सदस्य ज्यूहरु !**

शुभकालिका गाँउपालिकाको आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम, यस गरिमामय गाँउ सभा समक्ष प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थानीय स्वशासनको लागि नेपाली जनताले गर्दै आएको ऐतिहासिक जनआन्दोलनहरुमा वलिदानी गर्ने शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु । गाँउवासीले दिएको अगाध माया र ममताबाट प्रेरित भई मैले शुभकालिका गाँउपालिकालाई सांस्कृतिक-जीवन्त गाँउपालिकाको रुपमा अगाडि बढाई देशमा यस गाँउपालिकाको गौरवलाई उच्च राख्न केही महत्वपूर्ण नीति तथा कार्यक्रम गाँउसभा समक्ष प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु ।

शुभकालिका गाँउपालिकाको आगामी आ.व.को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लोककल्याणकारी अवधारणा, संविधानले परिकल्पना गरेको समाजवादतर्फको यात्रा र विकासको क्रममा आर्थिक, सामाजिक र सांस्कृतिक रुपमा पछाडि परेका समुदायहरुलाई समेतलाई मध्यनजर गर्दै गाँउवासीको सर्वोपरी हितलाई केन्द्र भागमा राखी निति तथा कार्यक्रम तयार पारिएको छ ।

सुशासन लोकतन्त्रको आधारस्तम्भ भएकोले शुभकालिका गाँउपालिकाका कार्यहरुमा पारदर्शिता, आर्थिक अनुशासन तथा सामाजिक न्यायलाई अङ्गिकार गर्दै भष्ट्राचारमुक्त विधिको शासन व्यवस्थाको सुनिश्चितता गरिनेछ । स्थानीय जनताको जीवनस्तर माथि उकास्न स्थानीय ज्ञान, सीप र क्षमतालाई प्रश्रय दिने नीति अवलम्बन गरिनेछ । राष्ट्रको सांस्कृतिक धरोहर मानिने सम्पदा र संस्कृतिलाई सम्वर्धन एवं प्रवर्द्धन गर्ने नीति मार्फत गाँउपालिकाका कार्यक्रमहरु निर्देशित हुनेछन् । गाँउका भौतिक तथा सामाजिक उत्थानका योजनाहरु बनाउँदा बातावरणीय पक्षलाई विशेष ध्यान दिइनेछ । गाँउ निर्माणको कार्यमा समुदाय, सहकारी, गैरसरकारी तथा निजी क्षेत्र लगायत साझेदार संघसंस्थाहरुको सहकार्य आवश्यक हुने हुनाले सहभागितामूलक साझेदारीलाई प्रश्रय दिने र बहुलगामी र आर्थिक बृद्धिका सम्भावना बढाउने कार्यहरुलाई प्राथमिकता दिइनेछ ।

नेपालको संबिधान २०७२ जारी भई मिति २०७८ बैशाख ३० गते सम्पन्न भएको दोस्रो स्थानीय तहको निर्वाचनबाट निर्वाचित गाँउ सभाले संबैधानिक ब्यवस्था अनुसार हाल सम्म नवौ गाँउसभा सम्पन्न गरि आज हामी दशौ गाँउसभाको अवस्था सम्म आई पुगेका छौं । सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई आफ्नो अमूल्य समय प्रदान गरि गाँउसभाको गरिमा बढाई दिनु भएकोमा हार्दिक कृतज्ञता सहित धन्यवाद ब्यक्त गर्न चाहन्छु ।

शुभकालिका गाँउपालिकाको आर्थिक बर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय दशौ गाँउ सभा समक्ष प्रस्तुत गरि रहँदा यस गाँउपालिकामा कृयाशिल सबै राजनितिक दल सरकारी गैरसरकारी संघ संस्थाहरु र सबै गाँउबासीको संयुक्त पहल कदमीले यस गाँउपालिकाको समग्र बिकासमा सहयोग पुगेकोछ भन्ने विश्वास लिएको छु ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको संबिधान कार्यान्वयन भईरहेको अवस्थामा निर्वाचित जनप्रतिनिधिहरु मार्फत जनताले आफैलाई शासित गर्ने वातावरण निर्माण भएको सन्दर्भमा शुभकालिका गाँउपालिकालाई संघियताको मर्म अनुसारका विकास प्रकृयालाई व्यवस्थित रूपमा संचालन गर्न नेपालको संविधान, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका कार्य आदेशहरू, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७८, नेपाल सरकारको विकास सम्बन्धी कार्य लक्ष्य र मान्यताहरू,

नेपाल सरकारको नीति तथा कार्यक्रम, शुभकालिका गाँउपालिकाको आ.ब. २०७९।०८० नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यहरु, बिभिन्न राजनितिक दल, बुद्धिजिबि, कर्मचारी, गैरसरकारी संस्था तथा अन्य व्यक्तिहरुबाट आएका सुझावहरुलाई आत्मसाथ गरि आ.ब २०८०।०८१को नीति तथा कार्यक्रम तयार गरिएको छ ।

मानव अधिकार, लोकतन्त्र, गणतन्त्र, प्रेश स्वतन्त्रता लगायत लोकतन्त्रका आधार स्तभहरु स्थापनार्थ नेपालको राजनितिक, आर्थिक, सामाजिक तथा विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु ।

स्थानीय तहले नागरिकहरुलाई प्रवाह गर्ने सेवालाई प्रभावकारी गर्न यस कार्यमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, व्यवस्थापन कार्यमा संलग्न सबै राजनितिक दल, निजी क्षेत्र, सामुदायिक संघ संस्थाहरु, संचार क्षेत्र, जनप्रतिनिधि ज्यूहरु, राष्ट्र सेवक कर्मचारीहरु लगायत सम्पूर्ण गाँउबासीहरु प्रति हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

अध्यक्ष महोदय,

कालिकोट जिल्लाको सदरमुकाम मान्मावाट ८ कोष दक्षिणमा शुभकालीका गाउँपालिका अवस्थित रहेको छ । साविकका तीन वटा गाविसहरु सुकाटीया, भर्ता र कालीकाको संयोजन गरी शुभकालीका गाउँपालिकाको नामाकरण गरिएको हो । यस गाउँपालीकाको पुर्वमा महावै गाउँपालीका, पश्चिम र दक्षिणमा दैलेख जिल्ला र उत्तरमा तिला नदी र खाँडाचक्र नगरपालीका पर्दछन् । यो गाउँपालीका ९७.३२ वर्ग कि.मी (९७३२ हेक्टर) क्षेत्रफलमा फैलिएको छ जसमा ६२५६.७७ हेक्टर बन क्षेत्र, २९४४.६६ हेक्टर कृषियोग्य जमिन, २११४ हेक्टर सिंचित, ८३०.६६ हेक्टर असिंचित र ८३०.६६ हेक्टर जमिन पाखो क्षेत्रले ओगटेको पाइन्छ । गाउँपालीकाको वडा नं. १ मा छाती, वडा नं. २ मा भर्ता, राजवाडा, सेरा, वडा नं. ३ मा भर्ता, वडा नं. ४ मा ठाना, राराकाटीया, चौलागाईवाडा र सुन्दरवाडा, वडा नं. ५ मा बत्तीस, उदागाउँ र अधिकारीवाडा, वडा नं. ६ मा हाउडी, वडा नं.७ मा कालीका र वडा नं. ८ मा कालीका वस्ती अवस्थित छन् । खेती योग्य जमिन, सिंचाई सुविधा र बनजंगल भएका कारण यो गाउँपालिका तुलनात्मक रुपमा मध्यम खालको मानिन्छ । यस गाउँपालिका स्थित दहीखोला, भर्तागाड, धाँचुखोला, कालेखोला, परसामखोला, वालीगाड र घटेगाड खोलाले यस गाउँपालिकाका धरैजसो भूभागमा सिंचाईका लागि महत्वपूर्ण भूमिका खेलेका छन् भने गाउँपालीकाको उत्तरी सीमाना भएर बग्ने तिला नदीले पनि महत्वपूर्ण संभावना र वन संरक्षण गर्नमा भूमिका निर्वाह गरेको छ ।

यस गाँउपालिकमा जम्मा घरधुरी २,७६२ रहेका छन भने गाउँपालीकाको कुल जनसंख्या १३,७७३ रहेको छ जसमा महिला ७,१३९ (५१.८३ प्रतिशत) र पुरुष ६,६३४ (४८.१७ प्रतिशत) छन् । परिवारको आकार ४.९९ छ भने जनसंख्या बृद्धिदर -०.२१ रहेको छ । यस गाँउपालिकाको जनघनत्व १४२ रहेको छ । गाँउपालिकाको साक्षरता दर ७४.४ प्रतिशत रहेको छ भने जसमा पुरुषको साक्षरता दर ८२.२३ र महिला साक्षरता दर ६७.२८ प्रतिशत रहेको छ । जातिगत रुपमा विश्लेषण गर्दा यस गाउँपालीकामा बाहुन क्षेत्रीहरुको बाहुल्यता वढी रहेको छ । यस गाउँपालीकामा बसोवास गर्ने मुख्य जातहरुमा आचार्य, अधिकारी, जैशी, वुढा, हमाल, विश्वकर्मा, परियार, दर्जी, लुवार, कुमाल, योगी, घर्ती, रोकाया, टमटा, वोहोरा, तिमिल्सेना, शाही, विष्ट, रोकामगर, वुढामगर, रामजाली, कार्की, खत्री, सेजुवाल, महतारा, भटराई र चौलागाई आदि रहेका छन् । गाउँपालीकाको अधिक जनसंख्याले हिन्दु धर्म मान्दछन् भने केही संख्याका मानिसहरुले ईसाई धर्म मान्ने गर्दछन् । यस गाउँपालीकाका वासिन्दाहरु फरक फरक कुल देवता पुज्ने गर्दछन् जसमा चुली, मालीका, चौथा मन्दिर, कालिका, महादेव, मष्टा, महावै, जगनाथ, खापर, दुधेशिल्लो, कालाशिल्ला, दाहालदेव, धलपुरा आदि पर्दछन् । मूख्य चाड पर्वहरुमा दशैं, तिहार, जनै पुर्णिमा, बैशाख पूर्णिमा, नयाँ बर्ष, माघे संक्रान्ती, अषाढे संक्रान्ती, तागा, र विभिन्न कुल देवताका पैठ (मेला) हरु आदि रहेका छन् ।

गाउँपालीकाको ८० प्रतिशत भन्दा बढि जनसंख्या प्रत्यक्ष रुपमा कृषिमा आधारित छन् भने झण्डै २० प्रतिशत नोकरी र अन्य पेशामा संलग्न छन् ।

**अध्यक्ष महोदय,**

आठौं गाँउ सभाबाट बिभिन्न ५ ओटा बिषयगत क्षेत्र पुर्बाधार बिकास, सामाजिक बिकास, आर्थिक बिकास, वन वाताबरण तथा बिपद् व्यबस्थापन र सुशासन तथा संस्थागत बिकास गरी ५ वटा क्षेत्रमा नीतिहरु पारित गरेका थियौं उक्त नीतिहरु कूनै बार्षिक रुपले पूरा गरिने र कूनै नीति आबधिक हिसाबले कार्यान्वयन गर्ने अबस्थामा हामी छौ, नीतिहरु हाम्रा मार्ग दर्शन हून र यस दशौं गाँउ सभाले केही नीतिहरुमा गतबर्षकै निरन्तरता र केही नीति तथा कार्यक्रम नँया समेत ल्याउने प्रयास गरेको छु । सबै नीतिलाई कार्यक्रम र बजेट संग मेल खाने किसीमले लैजानका लागि समेत म यस गौरवमय सभाका सदस्यहरुलाई आग्रह गर्न चाहन्छु ।

हामीले सहभागीतात्मक गाँउ विकास योजना तर्जुमा प्रकृया अवलम्वन गरी बस्ती, टोल र वडास्तरबाट प्राथमिकता हुदै आएका योजनाहरुलाई केन्द्रीय सरकारको मार्ग दर्शन समेतलाई ध्यानमा राखी आ.ब. २०८०।०८१ को नीति, कार्यक्रम र गाँउ विकास योजना तर्जुमा गरिएको प्रस्तुत बजेट नीति तथा कार्यक्रमले यस गाँउपालिकाको विकास, उन्नति र प्रगतिका लागि आधार तयार गर्ने छ भन्ने कुरामा म विश्वस्त रहेको छु।

१.२. चालु आ.ब.२०७९।०८० को नीति तथा कार्यक्रमको समीक्षा :

मिति २०७९ असाढ १० गतेका दिन आयोजित यस गाँउपालिकाको आठौं गाँउसभाले चालू आ.ब. २०७९/०८० को अनूमानित आय ब्यय बिवरण, योजना तथा कार्यक्रमहरु सहित गाँउ बिकासका नीतिहरु पारित गरेको थियौ । तत्पश्चात २०७९ माघ २८ गतेको समीक्षात्मक गाँउसभा आयोजना गरेका थियौं । दोस्रो निबार्चन पश्चातको प्रथम हिउदे गाँउसभा पछिको एक बर्षको समयमा हामीले के कति उपलब्धी हासील गर्न सक्यौं समीक्षाको चरणमा हामी रहेका छौं ।

यस गाँउपालिकामा रहेका ८ वटा वडाहरुका १३७७३ नागरिकलाई बिकास र सुशासन दिनु र बिकासमा नागरिकको सहभागिता बृद्धि गर्नु हाम्रो जिम्मेवारी हो ।

आर्थिक बर्ष २०७९।०८० मा शुभकालिका गाँउपालिकाले निम्नानुसारको रकम बिनियोजन गरी खर्च समेत गरेका छ ।

| विवरण | विनियोजित बजेट | खर्च | कैफियत |
|---|---|---|---|
| गाँउपालिकाको आय-ब्यय | ४४,६९,६२,१२० | २७,११,७१,८३६ | |

बिगत १ बर्षको बिनियोजन कुल जम्मा रु. ४४,६९,६२,१२० बिनियोजन गरीएको चालु आ.ब.को बिनियोजन रकम हाल सम्म ६०.६६ प्रतिशत खर्च गरि सकिएको छ । उक्त खर्च बिनियोजन रकमले पक्कै पनि गाँउबासीको सुबिधाको लागि यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एबं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै गाँउबासीको लागि सेवा सुबिधामा बृद्धि भएको नै होला भन्ने हामीलाई आशा गरेका छौं । चालु आ.ब. २०७९।०८० लाई बिकास निर्माणका लागि हामीले यातायात शिक्षा, खानेपानी, कृषि, सिंचाई लगायतका भौतिक पूर्बाधार एबं सामाजिक बिकासका क्षेत्र महिला, दलित, जेष्ठ नागरिक, बालबालिका लगायत सबै गाँउबासीको लागि सेवा सुबिधा दिने प्रयास गरेका थियौ । हामी कति सफल छौं भन्ने जनताले मूल्यांकन गर्नेनै छन् । क्षेत्रगत आधारमा गरिएको आ.ब.२०७९।०८० को समीक्षालाई संक्षिप्तमा यसरी प्रस्तुत गर्न चाहान्छु ।

(क) आर्थिक बिकास क्षेत्र : ४१ हेक्टर क्षेत्रफमा सीँचाई सुविधा यस आर्थिक बर्षमा पुगेको छ । उक्त कार्यका लागि ८ वटा ३ किलोमिटर लामो पक्की कुलो र ४ वटा पोखरीहरु निर्माण सम्पन्न गरि संचालनमा आएकाछन् । २० हेक्टर क्षेत्रफलमा आलु, ओखर र तरकारी पकेट क्षेत्रको रुपमा विस्तार गरिएको छ । कृषि प्रशार तथा प्रचार अन्तर्गत १७५ जना कृषकहरु लाभान्वीत भएकाछन् । बाखा पकेट विकास कार्यक्रम अन्तरगत ८४ वटा उन्नत जातका बोका तथा माउ बाखा वितरण गरिएको छ । ४५०० पशुलाई पिपिआर खोप लगाइएको छ । १०० वटा पशुमा लम्फी स्कीन रोगको खोप लगाइएको छ

। २२४७ जना वेरोजगार व्यक्तिहरुलाई कामका लागी पारिश्रमिकमा आधारित आयोजनाहरुमा रोजगारी प्रदान गर्ने कार्य गरिएको छ भने आ.व. २०८०।०८१ का लागि ४३९१ जना वेरोजगार व्यक्तिहरुको विवरण संकलन तथा रोजगार व्यवस्थापन सुचना प्रणालीमा सुचिकृत गर्ने कार्य सम्पन्न गरिएको छ । ८० जना नँया तथा ४० जना भइरहेका लघु उद्यमीहरुलाई स्तरोन्ती तालिम मार्फत सिप विकास गर्ने काम सम्पन्न गरियो । स्थानिय स्तरमा रहेको वेरोजगार समस्याको दिर्घकालिन समाधान तथा दिगो रोजगारी सृजनाका लागि गाउँपालिकाको ५ वर्षे शुभकालिका गाउँपालिकाको रोजगार रणनिती तयार पार्ने कार्य गरिएको छ ।

(ख) सामाजिक विकास क्षेत्र : विद्यार्थी भर्नादर शत प्रतिशत रहेको छ । विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्नका लागि शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम परीक्षण यस गाउँपालिकाको वडा नं ८ मा लागु गरिएको छ । बिद्यालयका शिक्षकहरुको क्षमता विकास अन्तरगत २६ जना शिक्षहरुको क्षमता अभिवृद्धी गरिएको छ । २२ जना दलित विद्यार्थीहरुलाई उच्च शिक्षा अध्यनका लागि छात्रवृती प्रदान नगरिएको छ । यो आर्थिक वर्ष भित्र शुभकालिका गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । यस गाँउपालिकाका केही विद्यालयहरुमा छात्राहरुलाई लक्षित गरि सेनीटरि प्याड वितरणको लागि भेन्टिङ्ग मेसिन सहयोग गरिएको छ । मातृ मृत्युदर शुन्यमा झरेको छ, शत प्रतिशत बालबालिकाले पुर्ण खोप प्राप्त गरेका छन् । विपन्न तथा जोखिममा रहेका नागरिकहरुलाई स्वास्थ्य बिमाको पहुँचमा ल्याईएको छ । लक्षीत ७० प्रतिशत गर्भवती महिलाहरुले संस्थागत सुत्केरी सेवा प्राप्त गरेका छन् जसमध्ये ४१ जना विपन्न सुत्केरी महिलाले सुत्केरी पोषण अनुदान बापत पाउने रकम रु २०५००० प्राप्त गरेकाछन् । १०५ जनाले घुम्ती शिविर मार्फत निशुल्क भिडियो एक्सरे सेवा प्राप्त गरेका छन् ।  ७ वटा आयोजना मार्फत ८८० घरधुरीमा एक घर एक धारको सुविधा पुगेको छ भने स्वच्छ खानेपानी तथा सुरक्षित शौचालय अन्तर्गत ४० वटा शौचालय निर्माण गर्ने कार्य सम्पन्न भएको छ । ५ वटा पक्की विद्यालय भवनहरु निर्माण भएका छन् ।

(ग) पूर्बाधार बिकास क्षेत्र : १० किलोमिटर नँया सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ भने ३८ किलोमिटर सडकको मर्मत कार्य सम्पन्न गरिएको छ साथै यस गाँउपालिकाको हरेक वडाहरु सडक संजालमा जोडिएका छन् । वडा नं. २, ३, ४ र ५ मा राष्ट्रिय प्रशारण लाइन विस्तारको काम भएको छ भने अन्य वडामा पनि विस्तारको लागि पहल अगाडि बढेको छ । ३ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न गरिएको छ । १६ वटा पिसिसि वाटो, २ वटा पर्यटकिय मन्दिर, ६ वटा प्रक्षिालय तथा आरन घर, १ वटा खेलकुद फिल्ड निमार्ण गरिएको छ । २ वटा टोलमा एकीकृत वस्ती विकास कार्यक्रम संचालनमा रहेको छ । खर मुक्त छाना अभियानलाई सार्थक पार्न ५४ घरधुरीलाई जस्तापाता सहयोग गरिएको छ ।

घ) बाताबरण तथा बिपद् ब्यबस्थापन क्षेत्र :
६ ओटा पहिरो रोकथामको परियोजनाहरु संचालन गरिएको छ । २७,५०० विरुवा विक्षारोपण गर्ने तयारी अन्तीम चरणमा रहेको छ । पहिरो बाट भत्केका ५ वटा घरहरु पुनरनिर्माण गरिएको छ साथै ५८ वटा घरहरु पुनरनिर्माण र १४ वटा घरहरु प्रवलीकरण यसै बर्ष गरिने भएको छ । पहिरो पिडित घरधुरीलाई तक्काल अत्यावश्यकीय सहयोग सामाग्री प्रदानगरिएको छ ।

(ङ) संस्थागत बिकास, सेवा प्रबाह र सुशासन क्षेत्र :
१२ वटा कार्यविधिहरु र १ वटा दिगदिर्शन तर्जुमा भई कार्यन्वयनमा आएकाछन् । ५ वटा विषयगत समितिहरुको कार्यविवरण निर्माण गरि कार्यान्वयन भई राखेको छ साथै हरेक शाखा प्रमुख तथा उक्त

शाखा संग आवद्ध कर्मचारीहरुको कार्यविवरण तयार गरि कार्य सम्पादन सम्झौता तयार भई कार्यन्वयनमा ल्याइएको छ ।

(छ) न्यायिक समिति : यस गाँउपालिकामा तीन सदस्यीय न्यायिक समिति गठन भएको छ । प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्र गठन गरिएको छ ।

आदरणीय सभाध्यक्ष ज्यू
गाँउपालिकालाई शुशासन युक्त र भ्रष्टाचार, अनियमितता र ढीलासुस्ती रहित सुबिधा सम्पन्न बनाउन यस गाँउपालिकाका सम्पुर्ण जनप्रतिनिधी लगायत राजनैतिक दल, कर्मचारी, उपभोक्ता समिति, नागरीक समाज, पत्रकार, महिला, दलित, अपाङ्गता भएका व्यक्ती, जनजाती, बुद्धीजीबी, शिक्षक, समाजसेवी, कर्मचारी एंव जिल्लाबासी सबैको कर्तव्य हो । बिगतका राम्रा नराम्रा कुराको समीक्षा गर्दै आगामी दिनमा कसरी राम्रो गर्न सकिन्छ भनि केही लक्षित कार्यक्रम, नीति तथा योजना तर्जुमा गर्दै अगाडी बढ्नु पर्ने आबश्यकताका कारण नगरसभाले केही लक्षित कार्यक्रम तथा नीतिहरुलाई निम्नानुसार अगाडि सारेको छ ।

## आर्थिक बर्ष २०८०।०८१ को नीति, कार्यक्रम तथा बजेट

आदरणीय सभाध्यक्ष ज्यु तथा सभाका सदस्य ज्युहरु,

म आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट तर्जुमा गर्दा अवलम्वन गरिएका आधारहरु प्रस्तुत गर्दछुः

- नेपालको संविधान २०७२ को अनुसूचि ८ र ९ मा व्यवस्था भए अनुसार स्थानीय तहका अधिकारका सूचिकृत एकल तथा साझा अधिकारहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु ।
- स्थानीय शासन सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा नीति आयोग ऐन २०७४, अन्तर सरकारी वित्त ब्यवस्थापन ऐन २०७४ ।
- सँघिय र प्रदेश सरकारले जारी गरेका नीति कानुन तथा मापदण्डहरु ।
- राजस्व परामर्स समिति, श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समितिवाट प्राप्त राय सुझावहरु ।
- नेपाल सरकार एवं प्रादेशिक सरकारवाट प्राप्त वजेट सिलिङ्ग र वजेट तर्जुमा गर्दा लिनुपर्ने आधारहरु ।
- वडा ,वस्ती स्तररिय योजना संकलन तथा सुझावहरु ।
- विषयगत कार्यालय/ निकायवाट प्राप्त राय सुझावहरु ।
- यस शुभकालिका गाँउपालिकाको प्रथम आवधिक योजनाले निर्धारण गरेको लक्ष्य नीति तथा प्राथमिकताहरु ।
- विगत बर्षहरुमा सम्पन्न भएका गाँउसभाका बैठकहरुबाट भएका निर्णयहरु ।
- पन्धौ आवधिक योजना (आ.व. २०७६।०७७-आ.व. २०८०।०८१) ले निर्धारण गरेको लक्ष्य तथा प्राथमिकताहरु ।
- विभिन्न राजनितिक दल लगायत बुद्धिजिवी, विज्ञ, नागरिक अगुवाहरुसँगको परामर्शवाट प्राप्त राय सुझावहरु ।
- दिगो विकासका लक्ष्यहरु

**क्षेत्रगत नीति एवं प्राथमिकताहरु**

आदरणीय सभाध्यक्ष ज्यु तथा सभाका सदस्य ज्युहरु,

अब म आ.व. २०८०।०८१ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**१. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

**क. शिक्षा**

१. आवश्यकता र वास्तविक जीवनसँग जोड्ने र काम सिकाउने जीवनपयोगी सीपमा आधारित शैक्षिक पाठ्यक्रमको विकास गरी एक विद्यालयबाट नमूनाको रूपमा शुरूआत गर्ने र क्रमशः सवै विद्यालयमा सो अनुसारको पठनपाठनको व्यवस्था मिलाइनेछ ।

२. शिक्षा नियमावली, शिक्षा नीति, वहुभाषा शिक्षा निर्देशिका जस्ता कानुनी तथा नीतिगत व्यवस्था मार्फत शिक्षा क्षेत्रको गुणस्तर नियमन एवं प्रवर्द्धन गरिने छ ।

३. गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातिय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।

४. विद्यालय बाहिर रहेका र बिचमा नै विद्यालय छोड्ने बालबालिकाहरुलाई विद्यालय शिक्षा पुरा गर्न प्रोत्साहनका लागि विशेष प्याकेज सञ्चालन गरिनेछ ।

५. विद्यालयहरुको भौतिक पूर्वाधार, स्वास्थ्य तथा सरसफाईको सुविधा र आधारभुत खानेपानी सुविधा विस्तार गर्दै शिक्षकहरुको ब्यावसायिक क्षमता विकासको लागि लगानी गरिनेछ ।

६. अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई निजी विद्यालय सरह सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ ।

७. विषयगत शिक्षकहरुको अभिलेख व्यवस्थापन गरी गाउँपालिकाको शैक्षिक विकासमा उनीहरुको अनुभवलाई उपयोग गरिनेछ ।

८. सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

९. विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।

१०. सबै विद्यालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।

११. शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिने छ ।

१२. गाँउपालीका स्तरिय गुणस्तरीय मानक निर्धारण गरि हरेक वर्ष शैक्षिक उपलब्धीको परिक्षण गरिनेछ ।

१३. शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको ब्यवस्थापन, अतिरिक्त क्रियाकलाप ब्यवस्थपान, शैक्षिक पात्रो ब्यवस्थापन, अद्यावधिक स्रोत ब्यवस्थापन, विद्यालय अविभावक विचको सञ्चार ब्यवस्थापन, अनलाइन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण

लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गरी सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लागु गर्ने नीति अवलम्बन गरिनेछ।

१४. SAS Application को प्रयोग गरि विद्यालयको लेखा प्रणालीको चुस्त दुरुस्त राख्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

### ख. संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिका भित्र बोलिने मगर भाषा तथा संस्कृतीको संरक्षण गर्ने नीति लिइनेछ।

२. गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

### ग. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ।

३. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिनेछ।

४. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिनेछ।

५. गाँउपालिका स्तरमा एक वटा १०० मिटर ट्र्याक भएको फिल्ड निर्माणका लागि पहल गरिने।

६. विपन्न, गरिब र पहिरो पिडित परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ।

७. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिनेछ।

### घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।

२. महिला, बालबालिका, अल्पसंख्यक, अति गरिब, जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।

३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा स्थापित गर्ने निति अवलम्बन गरिनेछ।

४. हरेक टोलमा टोल विकास संस्था गठन गरि प्रभावकारी रुपमा विकास कार्यको कार्यन्वयनमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ।

५. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्न पहल गरिनेछ।

६. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गर्न पहल गरिनेछ ।

७. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

८. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ ।

९. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

१०. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ ।

११. गाउँपालिकाका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०।८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।

१२. सत प्रतिशत जन्म दर्ता भएको गाँउपालिका घोषणा घटना दर्ता अभियान संचालन गरिनेछ ।

१३. बालबालकिा बिरुद्ध हुने हिंशा न्युनिकरणका लागि अभियान संचालन गरिने छ साथै बालहित कोषलाई निरन्तरता दिईनेछ ।

## ङ. स्वास्थ्य तथा पोषण सम्बन्धी नीति तथा कार्यक्रम

१. नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्र भित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आधारभुत अस्पताल संचालन तथा व्यवस्थापन गर्ने तथा आधारभूत स्वास्थ्य केन्द्रको स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाइ सहज र नियमित वनाइनेछ ।

२. सामुदायिक विद्यालयहरुमा विद्याथीहरुको नियमित स्वास्थ परिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

३. बर्थिङ्ग सेन्टर र स्वास्थ क्लिनिकहरुको सेवालाइ स्तरोन्नति गर्ने क्रममा प्रयोगशाला सहितको सेवा उपलब्ध गराउने कार्यक्रम संचालन गरिनेछ ।

४. अर्गानिक खेतिको विस्तार र तरकारी तथा खाद्यान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र हुने परम्परागत औषधीजन्य वनस्पतिको संरक्षण, खेति प्रवर्द्धन र प्रशोधनका कार्यहरु संचालन गरिनेछ ।

६. महिला स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याइनेछ ।

७. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजी क्षेत्र र गैरसरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

८. स्वास्थ क्लिनिकहरुलाई अनिवार्य रुपमा गाँउपालिकामा दर्ता गर्ने निति अवलम्बन गरिनेछ साथै उक्त क्लिनिकहरुले प्रदान गर्ने आधारभुत सेवाहरुको सुनिश्चीतताका लागि नियमित अनुगमन गरिने छ ।

९. स्वास्थ चौकीहरुमा ल्याब सेवा सञ्चालनका लागि विशेष व्यवस्था गरिनेछ ।

१०. जेष्ठ नागरिकका लागि एकिकृत स्वास्थ्य घुम्ती शिविर वर्षमा १ पटक संचालन गर्ने प्रबन्ध गरिनेछ ।

११. सुनौला हजार दिनका आमा लक्षित कार्यक्रमलाई निरन्तरता दिईने छ ।

### ङ. स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

खानेपानि तथा सरसफाई

१. एक घर एक धाराको निति अवलम्बन गरि गाँउपालिका भित्रका हरेक घरमा स्वच्छ खानेपानीको पँहुच सुनिश्चीतताको निति अवलम्बन गरिने छ ।

२. पुर्ण सरसफाई युक्त गाँउ निर्माण अभियानलाई प्रभावकरी रुपमा कार्यान्वयन गर्न हरेक घरमा अनिवार्य शौचालय तथा अन्य आवश्यकिय कुराको व्यवस्था गर्ने नितिलाई अवलम्बन गरिने छ ।

३. ढल निकासको उचित व्यवस्थापन गर्न समुदायको सहभागितामा अभियान संचालन गर्ने निति अवलम्बन गरिने छ ।

४. खाने पानी सरसफाई तथा स्वच्छता सम्बन्धि कानुन निर्माण गरि खाने पानी क्षेत्रलाई व्यवस्थीत बनाइनेछ ।

## २) आर्थिक बिकास सम्बन्धि नीति तथा कार्यक्रम

### क) कृषि तथा खाद्य सुरक्षा :

१. उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीहरुको पकेट क्षेत्रहरु पहिचान गरी सघन कृषि क्षेत्र निर्धारण गरी ती स्थानहरुमा ब्यावसायिक कृषि कार्यक्रम संचालन गर्ने निति अवलम्बन गरिनेछ ।

२. एक घर एक करेसाबारी कार्यक्मलाई कार्यान्वयन गरिनुका साथै बेमौसमी तथा व्यवसायिक तरकारी खेतिको पर्वद्धन गर्ने निति अबलम्बन गरिनेछ ।

३. रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ ।

४. कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउदै व्यवसायीकरण गरिनेछ ।

५. गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत र वर्गिकृत एवं विस्तृत तथ्याङ्क आधार निर्माण गरिनेछ ।

६. गाँउपालिका क्षेत्रमा सम्भावना भएका विभिन्न स्थानहरुमा ओखर, स्याउ, सुन्तला, कागति, जुनार खेतिको रुपमा विस्तार गरिनेछ ।

७. लेकबस्ती र औल बस्तीमा मौसम अनुसारका फलफुल बगैचा स्थापना गरि कृषकहरुलाई बिभिन्न तालिम तथा बिउबिजन लगायत अन्य सामाग्रीकहरुको व्यवस्थापनका लागि पहल गरिनेछ ।

८. प्रधानमन्त्री तथा मुख्य मन्त्री बाट संचालन हुने आयोजनाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत स्वरोजगार सृजना गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

९. रसायनिक मल, कृषि यन्त्र, कृषिजन्य समाग्रिहरु र तरकारी तथा खाद्यान्न बालीका उन्नत बीउबिजन कृषकहरुलाई अनुदानमा वितरण गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. कृषि योग्य भुमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाँउपालिका भित्र रहेका कुनै पनि कृषि योग्य जमिन बाँझो नराखी उक्त जमिनमा खेती गर्न चाहने जो कोही कृषकहरुलाई असल कृषि अभ्यास तथा जलवायु स्मार्ट कृषि कार्यक्रम संचालन गरी अनुदान दिने व्यवस्था मिलाईनेछ ।

११. गाँउपालिका आसपासका खेती योग्य उर्वर जमिनमा प्रर्याप्तता सिँचाई सुविधा सुनिश्चित गर्न प्रदेश सरकार र अन्य गैर सरकारी संघ संस्थाहरु संगको सहकार्य तथा लागत साझेदारीमा सिंचाई आयोजना कार्यक्रम संचालन कृषि उत्पादनमा वृद्धि गरिनेछ ।

१२. कृषि तथा पशुपन्छी बीमा कार्यक्रमलाई प्रोत्साहन गरिने छ साथै खेतीयोग्य जमिनको माटो परिक्षण गरि वातावरण सुहाँउदो खेतीवाली गर्न लाई प्रोत्साहान गर्ने निति अवलम्बन गरिने छ ।

१३. नमुना कृषि फर्म स्थापना कार्यक्रम संचालन गरिनेछ र उत्कृष्ट कृषि व्यवसाय गर्ने कृषकलाई पुरुस्कृत गरिनेछ ।

१४. कृषि उपजहरुलाई सहज रुपमा बजार सम्म पुऱ्याउनका लागि कृषी उत्पादन क्षेत्रहरु सम्म जोड्ने सडक तथा अन्य पुर्वाधारहरुको विस्तार गरिने छ ।

१५. स्थानिय स्रोत व्यक्ती तथा गाँउपालिका प्राविधिकहरु कृषकको खेती वारीमा नै पुगी सेवा प्रवाहा गर्ने निति अवलम्बन गरिने छ ।

## आ) पशु बिकास :

१. वैदेशिक रोजगारीलाई कम गर्न कृषि, पशुपालन र उद्योग व्यावसायहरुको स्थापना गरि व्यावसायिकरणमा विशेष प्राथमिकता सहित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. स्थानीय व्यक्तिहरुलाइ प्राविधिक सिप दिई प्राविधिकहरु (JTA) कृषकको गोठ तथा फर्ममा पुगी पशुपंछी सम्बन्धि सेवा दिने व्यवस्था मिलाईनेछ ।

३. स्थानीय कुखुरा, कालीज पालनलाई व्यवसायिक गर्नका लागि कृषकलाई फर्म विकासका लागि प्रोत्साहन गरिनेछ ।

४. दुध, मासु, अण्डामा आत्म निर्भर हुन पशुपंछी व्यवशायलाई प्रवर्द्धन गरिने नीति लिईने छ ।

५. कृषि समुह/समिति तथा कृषि सहकारी मार्फत कृषि तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्व वृद्धि गरी लक्षित वर्गको आय आर्जन अभिवृद्धिमा जोड दिइनेछ ।

६. पशुपंछीमा हुने विभिन्न किसिमको जोखिम न्यूनिकरण गर्न पशुपंछी विमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम संचालन गरिने छ । पशुपंछी विकास शाखा बाट संचालन हुने अनुदानका कार्यक्रममा विमा अनिवार्य गरिने नीति लिईने छ ।

७. व्यवसायिक कृषि तथा पशुजन्य उत्पादनमा कृषकहरुलाई सघाउ पुऱ्याउने खालका कार्यक्रमहरु संचालन गरिने छ ।

८. पशुपन्छीहरुको उपचारका लागी प्रयोगशाला सहितको उपचार कक्ष स्थापना गरिनेछ ।

९. पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यकम संचालन गरिनेछ । पशु आहारका लागि घाँस खेती कार्यकम संचालन गरिनेछ ।

१०. गाँउ क्षेत्र भित्र पशुपंक्षि फर्म, मासुपालन, एग्रोभेट पसलहरु दर्ता गरी नियमन गर्ने निति अवलम्बन गरिनेछ ।

११. स्वच्छ, स्वस्थ मासु उपभोत्तासम्म पुऱ्याउनका लागि उपयुक्त स्थानमा आधुनीक पशु बधशाला निर्माणका लागि स्थानीय सरकारले पहल गर्नेछ ।

## इ) सहकारी तथा वित्तीय सेवा

१. गाँउपालिका स्थित सहकारी संस्थाहरु अनुमति, नियमन, विस्तार, प्रशिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिने छ ।

२. गाँउपालकिा क्षेत्र भित्रका सहकारी संस्थाहरुको लगत अद्याबधिक गर्ने, क्षमता बिकास गर्ने, साझेदारीमा गरिबी न्युनिकरणका कार्यक्रम सञ्चालन गर्ने, प्रतिबेदन प्रणाली ब्यबस्थित गर्ने लगायत संस्थाहरुको अनुगमन सुपरीबेक्षण गर्ने कार्य गरिने छ ।

३. प्रत्येक घरमा कम्तीमा ''एक घर एक रोजगार'' सिर्जना गर्न गाउँगाउँमा सहकारी घरघरमा रोजगारी सरकारको नारालाई कार्यान्वयन गर्न कार्यक्रम लागु गरिने छ

४. सहकारी संचालनको लागि आवश्यक कानूनहरुको निर्माण कार्य गर्दै, संस्थाहरुको नियमन र ब्यवस्थापन गर्नका साथै बैंक तथा सहकारीहरु संगको सहकार्यमा साना किसान सहकारी संघ सँग ब्यवसायिक किसानहको वित्तिय सेवा प्रवाहमा पँहुच बढाउन प्रयास गरिनेछ

५. संवैधानिक व्यवस्था अनुसार सरकारी, सहकारी र निजी गरी तिन खम्वे अर्थ नीति कार्यान्वयन गर्दै  समृद्ध शुभकालिका गाँउपालिका निर्माणका लागि लगानी मैत्री गाँउपालिका बनाउन पहल गरिनेछ ।

६. नागरिकलाई वित्तीय पहुँचमा ल्याउनका लागि हरेक व्यक्तिको बैङ्क खाता खोल्ने निति अवलम्बन गरिने छ र वित्तिय कारोवारहरुलाई बैङ्किग प्रणाली मार्फत गर्न प्रोत्साहन गरिनेछ ।

## ई) उद्योग तथा वाणिज्य

१. गाँउपालिका भित्र व्यवसायिक रुपमा सञ्चालनमा रहेका होटल तथा पसलहरुको अनुगमन तथा नियमन गर्ने नीति अवलम्बन गरिनेछ ।

२. साना तथा घरेलु उद्योगहरु दर्ता संचालन गर्ने नीति लिईनेछ ।

## उ) पर्यटन तथा संस्कृती

१. शुभकालिका गाँउपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

२. शुभकालिका गाँउपालिकामा रहेका धार्मिक तथा पर्यटकिय क्षेत्रको प्रचार प्रशार गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ ।

३. गाँउपालिका भित्र रहेका ऐतिहासिक क्षेत्रहरु जस्तै कालामुला बाईस धारा क्षेत्र, महादेव मन्दीर मुग्राहा, कालिकोट जिल्लाको नामाकरण गरेको क्षेत्र कालिका मुग्राहा कोट, दाहालदेव मन्दीर, आदिलाई पर्यटककीय गन्तब्य स्थलको रुपमा विकास गरिनेछ ।

## ऊ) श्रम तथा रोजगारी र गरिवि निवारण

१. बेरोजगार यूवाहरुलाई सवारी चालक तालिम विद्युत वायरिंग तथा मर्मत तालिम, होटल मेनेजमेन्ट तालिम परम्परागत सिपहरुलाई नयां प्रविधिहरु संग जोड्ने विभिन्न कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

२. रोजगार सेवा केन्द्रलाई थप बिकसित गर्दै यस गाँउपालिकामा रहेका श्रमिकहरुको सीप उपयोग हुने गरी उनीहरुको ब्यक्तिगत बिवरण रहेको श्रम सूचना बैंक स्थापना गरी रोजगारदाता र रोजगारीको खोजीमा रहेका बीच सम्पर्क स्थापित गरी यस गाँउ क्षेत्रमा हुने बिकास निर्माणका कार्यहरुमा सम्भब भए सम्म गाँउपालिका क्षेत्रकै श्रमिकहरु प्रयोग गर्नका लागि निजी क्षेत्र संग आबस्यक समन्वय र सहकार्य गरिनेछ ।

३. प्रधानमन्त्री तथा मुख्य मन्त्री रोजगार कार्यक्रमबाट युवा तथा बेरोजगारहरुलाई विकास निर्माणका काममा लगाई न्यूनतम रोजगारीको ग्यारेन्टी गरिनेछ ।

४. बिदेशमा आर्जन गरेको सिप पुँजी र अनुभवलाई स्वदेशमा सदुपयोग गर्न आप्रवासीहरुको लागी विशेष प्याकेज सहित उद्यमशीलता विकास परियोजना संचालन गर्ने ।

५. सार्वजनिक निर्माण कार्य बाट सृजना हुने रोजगारीमा बेरोजगार, अति बिपन्न र एकल महिलाहरुलाई रोजगारीमा आबद्ध गराईनेछ ।

## ए) सिचाई

१. खेती योग्य जमिनमा बाह्रै महिना सिचाइ हुने प्रबन्ध मिलाइने छ र यस क्षेत्रको उत्पादकत्व तथा उत्पादन वृद्धिका लागि उचित कार्यक्रमको व्यवस्था गरिने छ ।

२. शुभकालिका गाँउपालिकामा विद्यमान रहेका सिचाइ कुलो, पोखरी, तथा अन्य सिचाइका प्रविधिहरुको लगत राखी उक्त संरचनाहरुको मर्मत संभार योजना निर्माण गरिने छ ।

## ३) पुर्वाधार बिकास सम्बन्धि नीति तथा कार्यक्रम

## अ) बस्ती विकास, आवास तथा भवन

१. सुरक्षीत बस्ती निर्माणका लागि एकिकृत वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. खर छाना मुक्त गाँउपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. भवन निर्माण आचारसंहिता निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।

४. एकिकृत शहरी तथा वस्ति विकास योजनाद्धारा निर्दिस्ट गरेका पूर्वाधारहरुको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदारहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

## आ) सडक तथा यातायात

१. पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लागत लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी “आयोजना बैंक” तयार गरिने छ र सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

२. दिर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

३. गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।

४. विगत देखिका निर्माणाधिन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।

५. गाउँपालिका भित्र भुउपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ ।

६. गाउँपालिका भित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी लागु गरिनेछ ।

७. गाउँपालिकाको स्वामित्वमा रहेको भौतिक संरचनाहरुको आवधिक रुपमा मर्मत सम्भार कार्य सम्पन्न गरिनेछ र उक्त कार्यलाई व्यवस्थापन गर्नका लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।

८. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मुल्यांकन गरी सार्वजनिक सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।

९. पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्र संगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरि कार्यान्वयन गरिनेछ ।

१०. छाती छेलाहान्ना भर्ता हुँदै गाँउपालीकाको केन्द्र जोड्ने सडकको ट्र्याक खोल्ने कार्य सम्पन्न गरिनेछ ।

११. हरित पुर्नलाभ तथा समावेशि विकास पद्धति (GRID Approach) को पुर्ण अवलम्बन गरि पूर्वाधार विकासका आयोजनाहरु जलवायु उत्थानशिल, श्रम केन्द्रित, नतिजामूखि र दीगो रुपमा विकास गर्ने निति अवलम्बन गरिनेछ ।

१२. जनताको आवश्यकतालाई मध्य नजर गर्दै स्थानिय पुर्वाधार निर्माण कार्यलाई तिव्रता दिनका लागि सहलगानिको निति अवलम्बन गरिनेछ र सहलगानिलाई व्यवस्थीत गर्नका लागि आवश्यक कानुन तर्जुमा गरिनेछ ।

### इ) जलश्रोत, विद्युत् तथा वैकल्पिक ऊर्जा

१. विद्युत लाइन विस्तार नभएका वडा, वस्ती तथा टोलहरुमा विद्युतीकरणको लागि आवश्यक पहल गरिनेछ साथै गाँउपालिका सबै वडाहरुमा राष्ट्रिय प्रशारण लाइनको विस्तार गर्न पहल गरिनेछ ।

२. भलेटागाड लघुजलविद्युत आयोजनालाई नियमित तथा सुचारु गर्न पहल गरिनेछ ।

### ई) सूचना, सञ्चार तथा प्रविधि

१. यस गाँउपालिका भित्र रहेका हरेक वस्तीहरुमा फोन सेवालाई सहज रुपमा पुऱ्याउन आवश्यक पहल गरिनेछ साथै 4G सेवालाई प्रभावकारी बनाउन पहल गरिनेछ ।

२. गाँउपालिकाको स्वामित्वमा रहेको रेडियो शुभकालिकालाई प्रभावकारी रुपमा व्यवस्थापन गरि अगाडि बढाइनेछ ।

३. विद्यालयहरुमा online कक्षा संचालन गर्न आवश्यक प्रबन्ध गरिनेछ ।

## ४) वन वातावरण तथा विपत व्यवस्थापन सम्बन्धि नीति तथा कार्यक्रम

### अ) वन, पार्क, हरियाली, भूसंरक्षण र नदी नियन्त्रण

१. गाँउपालिका भित्र रहेका वन क्षेत्रको संरक्षणका लागि सामुदायिक तथा कबुलीयत वन उपभोक्ता समितिलाई सक्रिय रुपमा परिचालित हुन अभिप्रेरित गरिनेछ ।

२. स्थानिय पुर्वाधार निर्माण गर्दा जलबायु उत्थानशिल पुर्वाधार बनाउन निर्माण गरिनेछ ।

३. विश्वबाट दुर्लभ हुदै गएको रेडपाण्डा संरक्षणको लागि आशश्यक प्रबन्ध मिलाईनेछ ।

४. सामुदायिक तथा व्यक्तीगत जग्गामा वृक्षारोपण गर्ने कार्यलाई प्रबद्धन गरिनेछ साथै विश्व वाट नै दुर्लभ हुँदै गएको रेडपाण्डा संरक्षणका लागि प्रयास गरिनेछ ।

आ) वातावरण तथा फाहोरमैला व्यवस्थापन

१. कुहिने र नकुहिने फोहोर मैलाको वर्गिकरण गरि व्यवस्थापन गर्ने रणनिति अवलम्बन गरिनेछ साथै कुहिने फोहोरमैला बाट जैविक मल तथा बिषादी बनाउन कृषकहरुलाई प्रोत्साहान गरिनेछ ।

२. खडेरीको समयमा हुने आगलागि नियन्त्रणका लागि जनचेतना मुलक कार्यक्रम गरिनेछ ।

**ई) विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलता**

१. गाँउपालिकाको स्थानिय अनुकुलन कार्ययोजना निर्माण गरि कार्यान्वयनमा ल्याइनेछ ।

२. महिलाहरुको स्वास्थ्यलाई प्रतीकुल असर गर्ने परम्परागत चुल्होलाई प्रतिस्थापन गर्दै सुधारिएको चुल्होको प्रयोगलाई बढवा दिइनेछ ।

३. विपद् जोखिम न्युनिकरणका लागि सचेतनामुलक क्रियाकलाप संचालन गरिनुका साथै विपद् व्यवस्थापन कोषको प्रभाबकारी संचालन गरिनेछ ।

४. भू-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन गर्न योजना तर्जुमा गरि कार्यन्वयनमा जोड दिइनेछ ।

५. स्थानीय विपद् जोखिम न्युनीकरण रणनितिक कार्ययोजना तथा विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनालाई कार्यन्वयनमा लगिने छ ।

**५) सुशासन तथा संस्थागत बिकास सम्बन्धी नीति तथा कार्यक्रम**

**अ) नीति, कानून, न्याय तथा सुशासन**

१. गाँउपालिका सरकार संचालनका लागि आवश्यक पर्ने कानुन निर्माण गरि कार्यान्वयनमा लगिनेछ ।

२. गाँउपालिकामा E- governance प्रणालीको विकास गर्न आवश्यक पुर्वाधार निमार्ण एंव सो को प्रभावकारी कार्यान्वय गर्ने नीति लिइने छ ।

३. गाँउपालिकाको गुनासो पेटिका तथा टोल फ्री मार्फत प्राप्त हुन आएका सुझाव तथा गुनासोहरुलाई समयमै फर्छयोट गरिने छ ।

४. जनगुनासो व्यवस्थापन तथा सुझाब संकलन गर्ने उद्देश्यका साथ संचालीत टोल फ्री नम्बरको व्यवस्थापन गर्नका लागि कार्यविधि निर्माण गरि कार्यन्वयनमा लगिनेछ ।

५. गाँउपालिकाको वेव साईडमा गाँउपालिकाका गतिविधी तथा सूचनाहरु नियमितरुपमा सार्वजनिक गरी नागरिकको सूचनामा पहुँच पुऱ्याईनेछ । गाँउपालिकावाट प्रदान गदै आएका सेवा सुविधाहरुमा यान्त्रिकिकरण गरी कम्प्युटरको माध्यमवाट प्रदान गरिनेछ ।

६. भौतिक पूर्वाधार योजनाको पारदर्शिता गुणस्तरियता प्रभावकारिता सरलताका साथ कार्यान्वियन गर्न तथा समयमै आवश्यक सुधार गर्न योजनाहरुको आर्थिक तथा भौतिक विवरणहरु प्रष्ट देखिने र समयमा आवश्यक सुझाव सल्लाह दिन मिल्ने गरि योजना अनुगमन कार्यलाई प्रभावकारी बनाईने छ ।

७. सुशासनका आधारभूत पक्षहरू उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता, जनसहभागीता र सामाजिक भावनालाई प्रवर्द्धन गर्दै सेवाग्राहीहरूलाई सुशासनको अनुभूती दिलाउन गाँउपालिका तथा वडाहरूबाट प्रदान गरिने सेवा प्रवाह तथा सञ्चालित आयोजनाहरू तथा कार्यक्रमहरूको

हरेका चौमासीकमा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई निरन्तरता दिइने छ साथ साथै आयोजना स्थलमा सूचना पाटीलाई व्यवस्थित गर्ने नीति लिइनेछ ।

८. भ्रष्टाचार विरुद्ध शुन्य शहनशिलताको नीतिलाई अवलम्वन गरिनेछ ।

९. गाँउपालिका क्षेत्रभित्र कालो बजारी, कृत्रिम अभाव, एकाधिकार नियन्त्रण गर्न बजार अनुगमनको कार्यलाइ तिब्रताका साथ निरन्तरता दिइने छ ।

१०. महालेखा परिक्षकको कार्यालयले औल्याएका बेरुजुहरु समयमै फर्छ्यौट गर्न तदारुकताका साथ कार्य गरिने छ । गाँउपालिकालाई बेरुजु शुन्य तथा वित्तिय अनुशासित गाँउपालिका बनाउने नीति अवलम्वन गरिने छ ।

**आ) संगठन, मानव संशाधन र क्षमता विकास**

१. निर्वाचित जनप्रतिनिधी र कर्मचारीहरुका लागि आवश्यक पर्ने उपयुक्त तालिम, अध्ययन, अवलोकन गोष्ठीलाई प्राथमिकता दिई कर्मचारीको कार्यसम्पादन मुल्याङ्कन विधि प्रभावकारी र वैज्ञानिक वनाई प्रोत्साहन तथा दण्डात्मक पद्धतिका आधारमा कर्मचारीलाई सेवामुखी तथा जवाफदेही वनाईनेछ ।

२. गाँउपालिका सबै वडाहरुमा इन्टरनेटको सुबिधालाई व्यवस्थित गरिने नीति लिईने छ ।

**इ) राजस्व तथा राजस्व परिचालन**

१. गाँउपालिकाको एकिकृत राजश्व सुधार कार्ययोजना निर्माण गरि कार्यान्वयनमा लागिनेछ ।

२. गाँउपालिकाका सम्पुर्ण कर दाताहरको तथ्यांक संकलन गरि अभिलेख अध्यावधीक गरिने छ । राजस्व  परिचालन गर्न बिभिन्न निकासंग समन्वय गरिने छ ।

३. कर तिर्ने बानी विकासका लागि करदाता शिक्षा अभियानको रुपमा संचालन गरिनेछ ।

४. राजश्व प्रणालीलाई गाँउपालिका तथा वडा कार्यालयहरुमा अनिबार्य अनलाईन पद्धतिबाट भुत्तानी गर्न सकिने आवश्यक कार्यलाई अघि बढाई राजश्व चुहावटलाई पुर्ण नियन्त्रण गरिनेछ ।

**ई) तथ्याङ्क, योजना तथा विकास परिचालन**

१. गाँउपालिकाको सस्थागत स्वमूल्याकंन (LISA) को नतिजाको आधारमा राम्रा अभ्यसहरुलाई निरन्तरता दिदै सुधार गर्नुपर्ने क्षेत्रहरु पहिचान गरि क्षमता विकास योजना तयार गरिनेछ र त्यसको कार्यान्वयमा तिव्रता ल्याइनेछ ।

२. गाँउपालिकाले चौमासिक रुपमा नागरिक समाजका सस्थाहरुसंग अन्तरक्रिया गरि सुझावहरु लिनेछ साथै यस गाँउपालिकामा काम गर्ने विकास साझेदारहरु संग समेत चौमासिक रुपमा विकास गतिविधिको समिक्षा गर्दै सिकाई आदान प्रदान गर्ने कार्यलाई प्राथमिकताका साथ लागू गरिनेछ ।

३. गाँउपालिकाका बिभिन्न क्रियाकलाप र गतिबिधी समेटिएका खबरहरू, प्रकाशित समाचार, सुझाबहरु संकलन गरि पालिका बुलेटिन प्रकासन गरिनेछ साथै गाँउपालिका सम्बन्धी सूचना तथा जानकारीहरु प्रकाशित गर्न संचार माध्यमहरुलाई सूचना प्रवाह गरिनेछ ।

गरिमामय गाँउ सभाका अध्यक्ष ज्यू तथा सदस्यज्यूहरु,

अव म आर्थिक वर्ष २०८०।०८१ को आय व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**अनुमानित आय ब्यय र स्रोत ब्यबस्थापन**

**सरकारी क्षेत्र**

| क्रं. सं. | स्रोत | आय रु. | अक्षरमा |
|---|---|---|---|
| १ | समानिकरण अनुदान संघिय सरकार | ९,४३,००,००० | नौ करोड त्रीचालिस लाख |
| २ | सशर्त अनुदान संघिय सरकार | १६,५०,००,००० | सोह्र करोड पचास लाख |
| ३ | राजश्व बाँडफाँट संघिय सरकार | ७,२५,९१,२०० | सात करोड पच्चिस लाख एकानब्बे हजार दुई सय |
| ४ | बिशेष अनुदान संघिय सरकार | ८०,००,००० | असि लाख |
| ५ | समपुरक अनुदान संघिय सरकार | ८०,००,००० | असि लाख |
| ६ | सशर्त अनुदान प्रदेश सरकार | १,८९,७०,००० | एक करोड उनानब्बे लाख सत्तरी हजार |
| ७ | समानिकरण अनुदान प्रदेश सरकार | १,०५,२८,००० | एक करोड पाँच लाख अट्ठाइस हजार |
| ८ | राजश्व बाँडफाँट प्रदेश सरकार | २,७५,८४९ | दुई लाख पचहत्तर हजार आठ सय उन्पचास |
| ९ | बिशेष अनुदान प्रदेश सरकार | २०,००,००० | विस लाख |
| १० | समपुरक अनुदान प्रदेश सरकार | १,३६,००,००० | एक करोड छत्तीस लाख |
| ११ | आन्तरिक स्रोत | २०,००,००० | विस लाख |
| १२ | अल्या | १,४७,८४,९५१ | एक करोड सठ्चालिस लाख चौरासी हजार नौ सय एकाउन्न |
| **जम्मा** | | ४१,००,५०,००० | **एक्चालिस करोड पचास हजार** |

कुल बजेट रकम रु ४१,००,५०,००० (एक्चालिस करोड पचास हजार) मध्ये चालु तर्फ रकम रु. २७,६९,७५,००० सत्ताइस करोड उनन्सत्तरी लाख पचहत्तर हजार ६९.१६ प्रतिशत र पुजिगत तर्फ रकम रु १२,६४,५०,००० बाह्र करोड चौसट्ठी लाख पचास हजार ३०.८४ प्रतिशत रहेको छ ।

**गैर सरकारी क्षेत्र**

| क्र. सं. | स्रोत | आय रु. | |
|---|---|---|---|
| १ | एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम ( हुरेन्डेक तथा हेल्भेटास) | १,०९,५०,००० | एक करोड नौ लाख पचास हजार |
| २ | रेडपाण्डा संरक्षण कार्यक्रम ( हुरेन्डेक तथा रेडपाण्डा नेटवर्क) | १०,०५,९४५ | दश लाख पाँच हजार नौ सय पैतालिस |
| ३ | किर्डाक नेपाल | ४६३८५८७ | छयालिस लाख अठ्तीस हजास पाँच सय सतासी |
| **जम्मा** | | **१६५९४५३२** | **एक करोड पैसट्ठी लाख चौरानब्बे हजार पाँच सय बत्तीस** |

आय तर्थ : आगामी आ.ब. २०८०।०८१ मा कुल आम्दानी रु.४२,६६,४४,५५२ (अक्षरुपी बयालिस करोड छैसट्ठी लाख चवालिस हजार पाँच सय बाउन्न मात्र) प्रस्तावित गरिएको छ ।
व्यय तर्फ : गाँउपालिका तथा वडा तर्फको प्रशासनिक खर्च तर्फ रु. ९,५३,००,००० (अक्षरुपी नौ करोड त्रिपन्न लाख) विनियोजन गरिएको छ ।
गाँउपाललिका, वडा र विषयगत शाखा तर्फको विकास तथा पूजिगत कार्यक्रम खर्च तर्फ रु. ९,८३,३०,००० (अक्षरुपी नौ करोड छहेत्तर लाख पचपन्न हजार) विनियोजन गरिएको छ ।

आदरणिय गाँउसभाका अध्यक्ष ज्यू तथा सदस्यहरुज्यू,

म अव चालु खर्च र पुजिगत खर्च पस्तुत गर्दछु ।

| चालु खर्च | | |
|---|---|---|
| | खर्च शिर्षक | रकम |
| १ | पदाधिकारी पारीश्रमिक | १००००००० |
| २ | पदाधिकारी बैठक भत्ता | २०००००० |
| ३ | सभा सञ्चालन | १०००००० |
| ४ | पदाधिकारी भ्रमण खर्च | १५००००० |
| ५ | बाह्य विशिष्ट व्यक्ति पदाधिकारी तथा कर्मचारी | ५००००० |
| ६ | पदाधिकारी तथा कर्मचारी अनुगमन मुल्यांकन | १२००००० |
| ७ | पारिश्रमिक कर्मचारी | २२०००००० |
| ८ | इन्धन पदाधिकारी | ६००००० |
| ९ | महंगी भत्ता | १०००००० |
| १० | पानी तथा विजुली | ५००००० |
| ११ | कर्मचारी भ्रमण खर्च | २०००००० |
| १२ | इन्धन कार्यालय प्रयोजना | ७००००० |
| १३ | सवारी साधन मर्मत | १५००००० |
| १४ | विमा तथा नविकरण | ३००००० |
| १५ | मेसिनरी तथा औजार मर्मत सम्भार | ८००००० |

| | | |
|---|---|---|
| १६ | निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार | १०००००० |
| १७ | मसलन्द तथा कार्यालय सामाग्री | ४०००००० |
| १८ | पुस्तक तथा सामाग्री खरिद | ४००००० |
| १९ | इन्धन अन्य प्रयोजना | २००००० |
| २० | सूचना प्रकाशन | १५००००० |
| २१ | सूचना प्रणाली तथा सफ्टवयर सञ्चालन | ५००००० |
| २२ | करार सेवा शुल्क पालिका | १५०००००० |
| २३ | कर्मचारी तालिम खर्च | १५००००० |
| २४ | घरभाडा | १५००००० |
| २५ | अन्य भाडा | ५००००० |
| २६ | सवारी साधन तथा मेशिनरी औजार भाडा | ५००००० |
| २७ | फर्निचर तथा फिक्चर्स | १०००००० |
| २८ | विविध | ४५००००० |
| २९ | सार्वजनिक सुनुवाई | ४००००० |
| ३० | शिक्षा करार | १७२००००० |
| **जम्मा** | | **९५३०००००** |

| पुजिगत खर्च | | |
|---|---|---|
| | खर्च शिर्षक | रकम |
| १ | समपुरक प्रदेश | १३६००००० |
| २ | समपुरक संघ | ८०००००० |
| ३ | पुरानो कामको बाँकी पूर्वाधार | ५०००००० |
| ४ | WFP समपुरक | १६०००००० |
| ५ | साझेदारी | १०००००००० |
| ६ | प्रधानमन्त्री रोजगार साझेदारी | ६०००००० |
| ७ | डिपिआर | १४००००० |
| ८ | सवारी साधन खरिद बोलेरो | ३३००००० |
| ९ | सवै वडामा समान भाग गर्ने | १२०००००० |
| १० | स्वास्थ्य शाखा | ३०००००० |
| ११ | शिक्षा शाखा | २०००००० |
| १२ | कृषि शाखा | १५००००० |
| १३ | पशु शाखा | १५००००० |
| १४ | महिला शाखा | १०००००० |
| १५ | आयुर्वेदिक | ७००००० |
| १६ | कर्णाली कोपिला स्याहार सुसार केन्द्र | १५००००० |
| १७ | जनता सँग उपाध्यक्ष कार्यक्रम | १५००००० |

| | | |
|---|---|---|
| १८ | न्यायिक समिति | ७००००० |
| १९ | खेलकुद | १०००००० |
| २० | पर्जिकरण | ५००००० |
| २२ | पुर्बाधार शाखा लाई मोटरसाईकल | ४५०००० |
| २३ | दलित लक्षित कार्यक्रम | ९००००० |
| २५ | पालिका शौचालय | ५००००० |
| २६ | जनजाति उथान | २४०००० |
| २७ | महिला स्वयम्सेविका | ५००००० |
| २८ | महिला सञ्जाल | ५००००० |
| २९ | विपद व्यवस्थापन | १४००००० |
| ३० | प्रिबिधिक बिध्यालय | ५००००० |
| ३१ | अल्पसंख्यक | १४०००० |
| ३२ | बर्थिङ सेन्टर १ र ६ | ७००००० |
| ३३ | प्रहरि चोकि | ४००००० |
| ३४ | मोटरसाइकल खरिद वडा नं ७ ३ र १ | ९००००० |
| ३५ | अध्यक्ष युवा कार्यक्रम | ५००००० |
| ३६ | पोषण कार्यक्रम | ५००००० |
| | **जम्मा** | ९८३३०००० |

आदरणिय गाँउसभाका अध्यक्ष ज्यू तथा सदस्यहरुज्यू,

बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा हामीले गरेको आग्रहलाई स्वीकार गरि बैठक, अन्तरक्रिया तथा छलफलमा उपस्थित भई हामीलाई उल्लेखनिय सुझाव, सल्लाह दिई सहयोग गर्नु हुने आदरणीय गाँउपालिका अध्यक्ष ज्यू लगायत गाँउकार्यपालिकाका सदस्यज्यूहरु, बिभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, राजनितिक दलका प्रतिनिधिज्यू लगायत सम्पुर्ण समाज सेवी, वृद्धीजिवी, कार्यलयका कर्मचारी, संघसस्थाका कर्मचारी महानुभाव ज्यूलाई विशेष धन्यवाद् दिन चाहन्छु । यस गाँउ सभालाई सम्पन्न गर्न अहोरात्र खटिई सहयोग गर्नु हुने गाँउपालिकाका कर्मचारी एबम् विभिन्न संघ संस्था कर्मचारीहरुलाई धन्यवाद् दिन चाहन्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधज्यू एवं संघ संस्थाका प्रतिनिधीज्यू र हामीलाई रचनात्मक सुझाव सल्लाह दिनु हुने सम्पुर्ण आदरणिय व्यक्तित्वहरु प्रति हार्दिक धन्यवाद् ज्ञापन गर्न चाहन्छु ।
अन्तमा प्रस्तुत बजेट र कार्यक्रमको कार्यान्वयनका निम्ति यहाँहरुवाट प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिएर शुभकालिका गाँउपालिका कार्यान्वयनको निम्ती अगाडी वढ्ने विश्वास दिलाउँदै कार्यक्रमको सफल कार्यान्वयनमा यहाँहरु सवैको सहयोग निरन्तर रहने अपेक्षा गरेकाछौ ।

**<u>धन्यवाद !</u>**